# लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्) बैठकको निर्णयहरु:-

**संवत् २०८१ साल फागुन ०६ मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय:** प्रदेश पूर्वाधार विकास प्राधिकरण, उच्चस्तरीय निर्देशक समितिका विज्ञ सदस्यहरुको राजिनामा स्वीकृति गर्ने ।

२. **युवा तथा खेलकुद मन्त्रालय:** प्रदेश पूर्वाधार विकास प्राधिकरणलाई बजेट तथा अख्तियारी प्रदान गर्ने ।

३. **वन तथा वातावरण मन्त्रालयः** वन क्षेत्रभित्रका खोलाखोल्सी व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि,२०८१ मा स्वीकृति प्रदान गर्ने ।

४. **सामाजिक विकास मन्त्रालयः** प्रदेशस्तरीय मदरसा शिक्षा व्यवस्थापन कार्यविधि,२०७६ को तेस्रो संशोधन स्वीकृत गर्ने ।

५. नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम सम्वत् २०८१ फागुन ०६ गते मंगलबार राती १२:०० बजेदेखि लुम्बिनी प्रदेश सभाको चालु पाँचौं अधिवेशन अन्त्य गर्न नेपालको संविधानको धारा १६६ को उपधारा (२) बमोजिम माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने।